| | | |
|---|---|---|
| २१ | नव नेपाल टाइम्स (धनुषा) | (१) २०६४ असोज १४ र २०६४ कात्तिक १२ गतेको अंकमा एउटै सम्पादकीय प्रकाशित ।<br>२) असार १६ गतेको पृष्ठ ६ मा प्रकाशित 'नयाँ नौला बुहारीहरुसंग' अकेला श्रेष्ठको लेख असार ६ गतेको खोजतलास दैनिकबाट श्रोट उल्लेख नगरी हुबहु प्रकाशित ।<br>३) पत्रिकामा असार ३०,१६,९ र २ अंकमा ४५ वटा विभिन्न संस्थाको गणतन्त्र नेपालको शुभकामना (४/४) पटक दोहोरिएको छ भने जेठ २७, जेठ २०, १३, ६ वैशाख २३, १६का अंकमा त्यही संस्थाको नामबाट ६/६ पटक नयाँ वर्षको शुभकामना प्रकाशित भएको छ । यो विज्ञापन केबल पत्रिकाको पाना भर्ने उद्देश्यले प्रकाशित भएको देखिन्छ ।<br>४) पत्रिकाको अशोज १४ गतेदेखि चैत्र २५ गतेसम्मका प्रत्येक ३ पेजमा नुन र याक चुरोट र पृष्ठ ४ मा नेपाल भारत पुस्तकालयको विज्ञापन छ । यो २५ वटा अंकमा छ । पृष्ठ १,२,५,६ मा पत्रिका प्रकाशित मिति उल्लेख छ तर ३ र ४ पपृष्ठमा मिति नभएकाले २५ वटा अंकका ३ र ४ पृष्ठ पछिबाट पृष्ठ संख्या पुर्‍याउने उद्देश्यले समावेश गरेको स्पष्टै देखिन्छ ।<br>५) पत्रिकाका भित्रि पृष्ठहरुमा १०६ वटा अंकरुमा मिति उल्लेख गरिएको छैन । ती पृष्ठमा ठूला-ठूला अक्षरमा विज्ञापन छापिएका छन् । यसबाट १०६ पेज पृष्ठ संखया पुर्‍उन एकमुष्ट रुपमा समावेश गरेको किटानी साथ भन्न सकिन्छ ।<br><u>मिति उल्लेख नगरी विज्ञापन छापिएका पृष्ठहरुको विवरण</u><br>१) २०६४ साउन ७ गतेको पेज २, ३, ४, ५ र ६ मा मिति उल्लेख नभएको र पेज ३ र ५ को सामग्री हुबहु ।<br>२) २०६४ असोज ७, १४, २८, कात्तिक ५, १२, १९, २६, मंसिर ३, १७, २४, पुस २, ९, १६, २३, ३०, माघ १४, २१, फागुन ६, १३, २०, २७, चैत ४, ११, १८, २५ गतेको पेज ३ र ४ मा मिति उल्लेख नगरी पेज पुर्‍याउने उद्देश्यले एउटै विज्ञापनमात्र छापेको ।<br>३) २०६५ बैशाख २ गतेको पेज २, ३, ४, ५, ७, र ८ मा मिति उल्लेख नभएको । त्यसैगरी जेठ २० गतेको पेज २, ४, ७, ८ मा र असार ९ गतेको पेज २, ४, ५, ७ र ८ मा मिति उल्लेख नगरी एउटै विज्ञापन प्रकाशित गरेको । |